

नेताको राजनीतिक स्वार्थमा झाँगिएको "प्रतिशोध" (२)

✍ खगेन्द्र कार्की
khagendrakarki075@gmail.com


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९ ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



**आवश्यकता**

**पूर्वसन्देश दैनिक**का लागि **बजार व्यवस्थापक**को आवश्यकता परेकाले इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला । उमेर ३० वर्ष माथि भएका र अनुभवीलाई विशेष ग्राह्यता ।

**पार्ट टाइमको अवसर**

पत्रिका सम्बन्धि विविध कामका लागि बिहान/दिउँसो २ देखि ४ घण्टासम्म पार्ट टाइम "जब"को व्यवस्था गरिएको छ । पारिश्रमिक काम र क्षमताका आधारमा समझदारीमा निर्धारण गरिनेछ ।

**सम्पर्कका लागि**
पूर्वसन्देश दैनिकको कार्यालय
एलम्बर चौक, दमक-५, : ९८१६९९९२००



❑ वर्ष-२१ ❑ अंक - १४२ ❑ २०८३ जेठ १४ गते बिहीबार ❑ Thursday, 28 May 2026 ❑ मूल्य ७ /-




**झापा मोडलका विद्यार्थीद्धारा मतदान अभ्याससः सैद्धान्तिक ज्ञानलाई व्यावहारिक रूप दिँदै चुनिए विद्यार्थी नेता :** दमक-८ स्थित झापा मोडल अंग्रेजी माध्यमिक विद्यालयका विद्यार्थीहरूले विद्यालय तहमा नै लोकतन्त्रको सुन्दर पक्ष 'निर्वाचन र मतदान' को प्रत्यक्ष अभ्यास गरेका छन्। सामाजिक विषय अन्तर्गत रहेको निर्वाचन प्रणालीसम्बन्धी सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्ने उद्देश्यले विद्यालयमा भव्य रूपमा विद्यार्थी परिषद् (स्टुडेन्ट काउन्सिल) को निर्वाचन सम्पन्न गरिएको हो।

### मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक

# ओलीसहितका नेतालाई कारवाहीको सिफारिस

✍ पूर्वसन्देश समाचार

**दमक/** राष्ट्रिय मानव अधिकार आयोगले 'जेनजी' आन्दोलनसम्बन्धी विस्तृत प्रतिवेदन सार्वजनिक गर्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक तथा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरूङ विरूद्ध नयाँ कानुन बनाएर कारबाही गर्न सरकारलाई सिफारिस गरेको छ । आयोगले उक्त आन्दोलनका क्रममा गम्भीर मानव अधिकार उल्लंघन भएको निष्कर्ष निकाल्दै विशेष कानुनी व्यवस्था आवश्यक रहेको जनाएको हो । जेन-जी आन्दोलनबारे छानबिन गर्न आयोगकी सदस्य डा. लिली थापाको संयोजकत्वमा बनेको समितिले बुधबार सो प्रतिवेदन सार्वजनिक गरेको हो ।

आयोगले मानव अधिकार उल्लंघनसम्बन्धी विशेष कानुन निर्माण गरी दोषीलाई ६ महिनासम्म कैद वा ३ लाख रूपैयाँसम्म जरिवाना अथवा दुवै सजायको व्यवस्था गर्न सुझाव दिएको छ । त्यस्ता मुद्दा विशेष अदालतबाट सुनुवाइ हुने तथा मुद्दा दर्ता भएपछि सार्वजनिक पदमा रहेका व्यक्तिलाई स्वतः निलम्बन गर्ने व्यवस्था गर्नुपर्ने आयोगको भनाइ छ । साथै दोषी ठहर भएका व्यक्तिलाई कम्तीमा पाँच वर्षसम्म राजनीतिक नियुक्ति वा निर्वाचनमा उम्मेदवार बन्न रोक लगाउने, तीन वर्षसम्म प्रशासनिक जिम्मेवारी नदिने र विदेश भ्रमणमा प्रतिबन्ध लगाउने सिफारिस पनि गरिएको छ ।

आयोगले गम्भीर मानव अधिकार उल्लंघन बाहेकका घटनामा भने पीडित र अदालतको सहमतिमा सार्वजनिक क्षमायाचना, क्षतिपूर्ति तथा क्षमादानको व्यवस्था गर्न सकिने उल्लेख गरेको छ । प्रतिवेदनमा आन्दोलनका क्रममा राज्य संयन्त्र र सुरक्षाकर्मीको भूमिकामाथि पनि प्रश्न उठाइएको छ ।

आयोगले तत्कालीन एआईजी तथा हालका नेपाल प्रहरीका आईजीपी दानबहादुर कार्की सहित विभिन्न सुरक्षा निकायका उच्च अधिकारीमाथि विभागीय कारबाही गर्न सरकारलाई सिफारिस गरेको छ । प्रहरी नायव महानिरीक्षक ओमबिक्रम राणा, वरिष्ठ प्रहरी उपरीक्षक विश्व अधिकारी, तत्कालीन अतिरिक्त सशस्त्र प्रहरी महानिरीक्षक नारायणप्रसाद पौडेल, सशस्त्र प्रहरी उपरीक्षक जीवन केसी, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन निर्देशक कृष्ण खनाल तथा काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई मानव अधिकार उल्लंघनमा संलग्न ठहर गरिएको छ ।

यसैगरी, भदौ २३ गते बानेश्वर र संसद् भवन क्षेत्रमा खटिएका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका फिल्ड कमाण्डरमाथि पनि विभागीय कारबाही गर्न आयोगले सिफारिस गरेको छ । आन्दोलन नियन्त्रणका क्रममा अत्यधिक बल प्रयोग, समन्वयको अभाव तथा मानव अधिकारको संरक्षणमा कमजोरी देखिएको आयोगको निष्कर्ष छ । बाँकी ४ पेजमा ▸▸

## नख्खु कारागार प्रकरणमा छानबिनको माग

**दमक/** राष्ट्रिय मानव अधिकार आयोग ले जेन-जी आन्दोलनका क्रममा नख्खु कारागारबाट बाहिरिएको घटनामा रवि लामिछाने माथि फौजदारी अभियोगमा कारबाही गर्न सिफारिस गरेको छ । आयोगकी सदस्य डा. लिली थापा संयोजकत्वको समितिले सार्वजनिक गरेको प्रतिवेदनमा लामिछानेको संलग्नता रहेको उल्लेख गरिएको हो । आयोगले आन्दोलनको आडमा लामिछाने 'अनधिकृत र गैरकानुनी रूपमा' नख्खु कारागारबाट बाहिरिएको भन्दै उक्त कार्य कारागार ऐन २०७९ को दफा ४९ अनुसार फौजदारी अपराध भएको निष्कर्ष निकालेको छ । प्रतिवेदनमा लामिछानेलाई बाहिर निकाल्न सहयोग गरेको आरोपमा नख्खु कारागारका जेलर सत्यराज जोशी, रास्वपाका सांसद मनिष झा र हरि ढकालमाथि पनि सूक्ष्म अनुसन्धान गरी कानुनी कारबाही गर्न सिफारिस गरिएको छ । आयोगले लामिछाने कारागारबाट बाहिरिनुमा कसको कस्तो भूमिका थियो भन्ने विषयमा विस्तृत अनुसन्धान आवश्यक रहेको जनाएको छ ।

# निजी अस्पतालमा आकस्मिक बाहेकको स्वास्थ्य बिमा बन्द

**दमक/** सरकारले निजी अस्पतालमा स्वास्थ्य बीमा सेवा कटौती गरेको छ । स्वास्थ्य बीमा कार्यक्रम गम्भीर संकटमा धकेलिएको संकेत गर्दै स्वास्थ्य बीमा बोर्डले निजी अस्पतालमा आकस्मिक बाहेकका सबै बीमा सेवा स्थगित गर्ने निर्णय गरेको हो ।

बोर्डले बढ्दो वित्तीय संकटलाई कारण देखाउँदै सार्वजनिक गरेको सूचनामा यही जेठ १६ गतेदेखि अर्को निर्णय नभएसम्म निजी स्वास्थ्य संस्थाबाट प्रदान हुँदै आएका स्वास्थ्य बीमासम्बन्धी सेवा बन्द हुने उल्लेख छ । यही जेठ ११ गते बसेको बोर्डको बैठकले यस्तो निर्णय गरेको हो । यो निर्णयसँगै देशभर स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध रहेका सयौं निजी अस्पताल, मेडिकल कलेजबाट बीमित नागरिकले पाउँदै आएको ओपीडी, परीक्षण, शल्यक्रिया, औषधि तथा अन्य नियमित सेवा प्रभावित हुने आशंका छ । आकस्मिक सेवा भने यथावत रहने बोर्डले जनाएको छ । ३६ वटा निजी स्वास्थ्य संस्थाले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

सरकारले सबै नागरिकलाई स्वास्थ्य सेवामा पहुँच भन्ने नारासहित सुरू गरेको स्वास्थ्य बीमा कार्यक्रम अहिले भने चरम आर्थिक अव्यवस्था, बक्यौता भुक्तानी र प्रशासनिक कमजोरीका कारण धराशायी हुने अवस्थामा पुगेको भन्दै आलोचना बढ्न थालेको छ । वर्षौंदेखि निजी अस्पताललाई दिनुपर्ने अर्बौं रकम भुक्तानी रोकिँदै आएको र त्यसकै दबाबमा अन्ततः बोर्ड सेवा कटौती गर्न बाध्य भएको स्रोतहरूको भनाइ छ । बीमा बोर्डका अनुसार अहिलेसम्म सेवाप्रदायक सस्थालाई १६ अर्ब तिर्न बाँकी छ । परिणामस्वरूप अहिले स्वास्थ्य बीमा कार्यक्रमको अस्तित्व नै संकटमा पुगेको छ ।

निजी अस्पतालहरूले लामो समयदेखि सरकारले स्वास्थ्य बीमावापत्को भुक्तानी नगरेको, दाबी रकम अड्काएको तथा प्रक्रियागत झन्झट बढाएको गुनासो गर्दै आएका थिए । कतिपय अस्पतालले यसअघि नै स्वास्थ्य बीमाका बिरामी नलिने चेतावनी दिएका थिए ।

**औषधी कटौती**

स्वास्थ्य बीमा बोर्डले बीमितलाई दिने औषधि कटौती गरेको छ । अहिलेसम्म २८९ किसिमका औषधि दिँदै आएको बोर्ड अब १७० किसिमका मात्रै औषधि दिने निर्णय गरेको हो । बोर्डले स्वास्थ्य बाँकी ४ पेजमा ▸▸

## मलको अभाव नहुने दावि

दमक/ कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले किसानलाई मलको अभाव हुन नदिन सरकारको विशेष ध्यानाकर्षण भएको बताएकी छन् ।

बुधबार प्रतिनिधि सभाका सांसदहरूले राखेका जिज्ञासाहरूको जवाफ दिने क्रममा उनले किसानलाई मलको अभाव हुन नदिन सरकारले हालै भारतसँग ५० हजार मेट्रिक टन मल खरिद गर्ने प्रक्रिया सुरू गरेको जानकारी दिइन् । उनले मध्यपूर्वमा देखिएको द्वन्द्वका कारण मलको उत्पादन र आपूर्तिमा समस्या आएको जानकारी गराउँदै मल अभाव हुन नदिने सरकारको ध्यानाकर्षण भएको बताइन् । मन्त्री चौधरीकाअनुसार चालू आर्थिक वर्षमा हालसम्म ५ लाख ५४ हजार ७६२ मेट्रिक टन रसायनिक मल आइसकेको छ । ४ लाख ६३ हजार १६० मेट्रिक टन किसानलाई बिक्री गरिसकिएको छ भने गोदाममा रहेको र नेपाल भित्रि सकेको गोदाम इन्ट्री हुन बाँकि रहेको हाल एक लाख ४४ हजार ५८५ मेट्रिक टन मत मौजाद रहेको छ । उनले सम्झौता भइसकेको एक लाख ८७ हजार मेट्रिक टन मल आउन नसकेको जानकारी दिइन् ।

## ६६ खर्वको बजेट हुने अनुमान

**दमक/** सरकारले चालू आर्थिक वर्षमा मुलुकको अर्थतन्त्रको आकार ६६ खर्ब र प्रतिव्यक्ति कुल राष्ट्रिय आय एक हजार पाँच सय ३५ अमेरिकी डलर पुग्ने अनुमान सार्वजनिक गरेको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षण पेस गर्दै यस्तो जानकारी दिएका हुन् ।

कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्र र गैर कृषि क्षेत्रको योगदान क्रमशः २४ र ७६ प्रतिशत रहने अनुमान छ । प्रदेशगत योगदानमा बागमतीको सबैभन्दा बढी योगदान रहने अनुमान गरिएको छ । सन् २०२६ मा विश्व अर्थतन्त्रको विस्तार ३.१ प्रतिशतमा सीमित हुने अनुमान छ ।

## दुग्ध किसानलाई १२ करोड भुक्तानी

**दमक/** दुग्ध विकास संस्थान (डिडिसी)ले भुक्तानी नपाएका दुध किसानलाई १२ करोड भुक्तानी गरेको छ । पछिल्लो चार महिनाको करिब ५८ करोडमध्ये बक्यौता दायित्व १२ करोड भुक्तानी भएको डिडिसीले जनाएको छ । कृषि, वन तथा पर्यावरण मन्त्रालय, दुग्ध विकास संस्थान (डिडिसी)को सुधारको कार्य योजना ल्याएपछि हाल किसानलाई दैनिक एक करोड भुक्तानी भइरहेको मन्त्रालयले जनाएको छ । निजी क्षेत्रका डेरी उद्योगले किसानलाई तीन अर्ब र सरकारी निकाय दुग्ध विकास संस्था (डिडिसी)ले ४६ करोड भुक्तानी गर्न बाँकी रहेको बताइन्छ ।

## केराखेतीमा करोडौंको क्षति

**सुरुङ्गा/** झापाको कनकाई नगरपालिकामा आएको हावाहुरिले करोडौं मूल्यको केरा खेती नष्ट भएको छ । जेठ ११ गते राति आएको हावाहुरीका कारण कनकाई नगरपालिका-७ स्थित बत्तिस बिघा क्षेत्रमा लगाइएको केरा खेतीमा क्षति पुगेको हो। स्थानीय कृषकले व्यावसायिक रूपमा ६० बिघा जमिनमा लगाएको केरा खेती हावाहुरीले ढालेको जनाइएको छ ।

प्रहरीका अनुसार हावाहुरिका कारण उक्त क्षेत्रमा मात्रै करिब तीन करोड ६० लाख रूपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ । बजारमा लैजाने तयारीमा रहेको केरा बोटैसहित ढलेपछि वर्षभरिको लगानी र श्रम खेर गएको भन्दै पीडित किसानले राहत र उचित क्षतिपूर्तिका लागि माग गरेका छन् । रूयस प्राकृतिक विपत्ति र क्षतिका सम्बन्धमा बुधबार बिहान इलाका प्रहरी कार्यालय, धैलाडुब्बामा जानकारी प्राप्त भएपछि प्रहरीले घटनाको विवरण लिई स्थानीय प्रशासन र सरोकारवाला निकायसँग समन्वय गरी थप क्षतिको विस्तृत विवरण संकलन गरिरहेको जनाएको छ ।

## श्रीमती मृत, श्रीमान पक्राउ

**उर्लाबारी/** मोरङको उर्लाबारीमा चार दिनदेखि हराइरहेकी एक महिलाको शव बक्राहा खोला किनारको काँसघारीमा सडेको अवस्थामा फेला परेपछि प्रहरीले उनकै श्रीमानलाई पक्राउ गरेको छ । घटना शंकास्पद देखिएपछि प्रहरीले अनुसन्धानको लागि मृतकका श्रीमान दिलबहादुर लिम्बूलाई पक्राउ गरेको हो । उर्लाबारी नगरपालिका-१ लक्ष्मीझारकी ४३ वर्षीया सविता कान्दाङ्वा लिम्बूको शव मंगलबार बिहान उर्लाबारी-१ स्थित बक्राहा खोलाको लन्डन ब्रिजनजिक काँसघारीभित्र घोप्टो परेको अवस्थामा भेटिएको थियो । स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय उर्लाबारीबाट प्रहरी निरीक्षक नवीन वली नेतृत्वको प्रहरी टोली घटनास्थल पुगेको थियो । मृतकको सनाखत उनले लगाएको कपडाको आधारमा उनका श्रीमानले नै गरेका थिए । सविता उर्लाबारीमै सिलाइकटाइको काम गर्दै आएकी थिइन् । उनी जेठ ९ गते शनिबार बिहानदेखि परिवारको सम्पर्कमा नरहेको खुलेको छ । मोरङ प्रहरीका प्रवक्ता डीएसपी सन्तोष श्रेष्ठका अनुसार शवको अवस्था तथा घटनाको प्रकृति हेर्दा मृत्यु शंकास्पद देखिएको छ ।

# ऋृण असुलीबाट सहकारी पीडितको रकम फिर्ता

**दमक/** सरकारले समस्याग्रस्त सहकारीको ऋृण असुलीबाट प्राप्त भएको रकम नै पीडित बचतकर्तालाई फिर्ता गरिएको जनाएको छ । भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले विज्ञप्ती जारी गर्दै राज्यकोषको रकमबाट बचत फिर्ता गरिएको भन्ने सार्वजनिक रूपमा गुनासो तथा भ्रम सृजना भएकोमा ध्यानाकर्षण भएको जनाइएको छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अनुसार समस्याग्रस्त घोषित २० सहकारीका १० हजार भन्दा कम बचत माग दाबी भएका साना बचतकर्ताहरूको बचत फिर्ताको कार्य चरणबद्ध रूपमा भईरहेको जनाएको छ । तर उसले हालसम्म चक्रिय कोष स्थापना भने भइनसकेको जनाएको छ । समितिका अनुसार समस्याग्रस्त सहकारी संस्थाहरूबाट ऋृण असुली र सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकमबाट सम्बन्धित सहकारीका बचतकर्ताहरूलाई बचत फिर्ता गर्ने कार्य प्रचलित कानुनी व्यवस्था बमोजिम निरन्तर रूपमा संचालन भइरहेको जनाइएको छ ।

विज्ञप्तीमा भनिएको छ, 'हालसम्म समितिमा चक्रिय कोष स्थापना भई खाता संचालन नभएको, तथापि समस्याग्रस्त सहकारी संस्थाहरूबाट ऋृण असुली र सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकमबाट सम्बन्धित


**Damak Municipality**
**Office of the Municipal Executive**
**Damak, Jhapa**
Koshi Province, Nepal
***Date of publication in E-Bid: 27th May 2026***

The ***Damak Municipality, Office of the Municipal Executive*** *invites **electronic** bids from eligible bidders for Procurement of Following Projects under National Competitive Bidding (NCB).*

| SN | Contract Identification No | Name of Project |
|---|---|---|
| 1 | DMO/JHAPA/CONSULTANT/ 82/ 2082-083 | Consultation Service for Preparation of DPR of Damak Multipurpose Park 2082-83 |

## सम्पादकीय

# राहत र पुनर्स्थापना सरकारको प्राथमिकता बनोस्

देशका विभिन्न क्षेत्रमा आएको भीषण वर्षा, हावाहुरी र पहिरोले फेरि एकपटक हाम्रो विपद् व्यवस्थापनको वास्तविक अवस्था उजागर गरेको छ । झापा, सुनसरी, ताप्लेजुङ, पाँचथरदेखि अछामसम्म प्राकृतिक विपत्तिले जनजीवन प्रभावित बनाएको छ । कतै जस्तापाताले ठोक्किएर एक युवकको ज्यान गएको छ भने कतै किसानका घर, खेती, पशुचौपाया र उद्योगहरु तहसनहस भएका छन् । यी घटनाले केवल भौतिक क्षति मात्र गरेको छैन, हजारौं नागरिकको दैनिकी र भविष्यसमेत अन्योलमा पारेको छ ।

सुनसरीको दुहबीमा हावाहुरीले उडाएर ल्याएको जस्तापाताले मोटर साइकल चालकको ज्यान जानु अत्यन्त दुःखद र चिन्ताजनक घटना हो । प्राकृतिक विपद् अब केवल गाउँका पहिरो वा बाढीसम्म सीमित छैनन्, यसले सहरी क्षेत्रको सुरक्षामाथि पनि गम्भीर प्रश्न उठाइरहेको छ । त्यस्तै झापामा घरका छाना उडाउनु, विद्युत् पोल ढल्नु, उद्योग र फार्ममा क्षति पुग्नुले विपद्को प्रभाव कति व्यापक छ भन्ने देखाएको छ । विशेष चिन्ताको विषय भनेको बाह्रदशी क्षेत्रमा भएको केराखेतीको विनाश हो । उत्पादन बजार पठाउने तयारीमा रहेका किसान एकै र ातमा करोडौंको क्षतिमा पुगेका छन् । करिब ३ करोड रूपैयाँ बराबरको प्रारम्भिक क्षति अनुमान हुनु सामान्य घटना होइन । कृषिमा निर्भर परिवारका लागि यस्तो विपत्ति आर्थिक मात्र होइन, मानसिक संकट पनि हो । राज्यले यस्ता किसानलाई केवल सहानुभूति होइन, तत्काल र ाहत, सहुलियत ऋण र पुनर्स्थापनाको स्पष्ट योजना दिनुपर्छ ।

प्रतिनिधिसभामा सांसदहरुले प्रभावित क्षेत्रका नागरिकलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गर्नु सकारात्मक पक्ष हो । घोषणा धेरै हुन्छन्, कार्यान्वयन कमजोर हुने प्रवृत्ति विगतले पुष्टि गरिसकेको छ । विपद्पछि केही दिन चर्चा हुने र त्यसपछि पीडित बिर्सिने प्रवृत्ति अब दोहोरिनु हुँदैन ।

सरकारले तत्काल राहत वितरणलाई प्रभावकारी बनाउँदै क्षतिको यथार्थ विवरण संकलन गर्नुपर्छ । साथै, पुनर्स्थापनालाई दीर्घकालीन योजनासँग जोड्न आवश्यक छ । कमजोर संरचना, अव्यवस्थित बस्ती र मौसम पूर्वसूचना प्रणालीको अभावले हरेक वर्ष यस्ता घटना दोहोरिने गरेका छन् । त्यसैले राहतसँगै पूर्वतयारी र सुरक्षित संरचना निर्माणमा पनि ध्यान दिनुपर्छ । प्राकृतिक विपद् रोक्न सकिँदैन, तर त्यसबाट हुने क्षति कम गर्न सकिन्छ । त्यसका लागि सरकार, स्थानीय तह र समुदायबीच समन्वय आवश्यक छ । अहिले पीडित नागरिकलाई सबैभन्दा बढी आवश्यक कुरा आश्वासन होइन, व्यवहारिक सहयोग र पुनः उभिने आधार हो ।

# नेताको राजनीतिक स्वार्थमा झाँगिएको "प्रतिशोध"



खगेन्द्र कार्की
khagendrakarki075@gmail.com

**विगतका सरकारका पालामा भएका विभिन्न विवाद, भ्रष्टाचार आरोप, दमनकारी गतिविधि वा आन्दोलनका क्रममा भएका हिंसात्मक घटनालाई लिन सकिन्छ । सत्ता पक्षले आफ्नालाई जोगाउने र विरोधीलाई कठोर कारवाही गर्ने आरोप नयाँ होइन । अर्कोतर्फ, सत्ताच्युत भएपछि उही समूहले आफूविरुद्धको अनुसन्धानलाई "प्रतिशोध" भन्न कति पनि हिचकिचाउँदैन । यही दोहोरो चरित्रले समाजमा भ्रम पैदा गरेको छ(के कानून साँच्चै निष्पक्ष छ ? कि सत्ता बदलिँदा निशाना मात्र बदलिन्छ ?**

नेपालको राजनीतिक संस्कृतिमा एउटा गम्भीर मानसिक रोग झाँगिँदै गएको छ- आफू सत्तामा नभए देश नै असफल हुँदा पनि रमाउने प्रवृत्ति । सरकारको असफलतामा विपक्षी खुसी हुने, विकास रोकिँदा पनि राजनीतिक लाभ खोज्ने, राष्ट्रिय संकटलाई समेत सत्ता संघर्षको अवसर बनाउने र अर्कोतर्फ सत्तामा पुगेपछि आलोचकलाई 'शत्रु' देख्ने प्रवृत्ति अहिले लगभग सामान्य राजनीतिक व्यवहारजस्तै बनिसकेको छ । यो केवल राजनीतिक अस्वस्थता मात्र होइन, समाजको सामूहिक मनोविज्ञानमा विकसित हुँदै गएको खतरनाक चिन्तन हो ।

लोकतन्त्रमा प्रतिपक्ष हुनु स्वाभाविक हो । सरकारको आलोचना गर्नु पनि लोकतान्त्रिक अधिकार हो । तर जब आलोचना र राष्ट्रहितभन्दा माथि पुग्छ र "देश जाओस् तर सरकार ढलोस" भन्ने मानसिकता विकसित हुन्छ, त्यसले लोकतन्त्रको आत्मामाथि नै प्रहार गर्छ । दुर्भाग्यवश, नेपालमा धेरै दल र नेताहरूको राजनीति अब वैचारिक प्रतिस्पर्धाभन्दा बढी "अर्कोलाई समाप्त गर्ने" मनोविज्ञानमा आधारित देखिन्छ ।

सरकार बन्न पाएको छैन त्यो सरकारमाथि अनेकन ट्याग भिराएर, आरोप र आक्षेपको ढेरमा टेकेर राजीनामाको बन्दु पड्काइन्छ । आफू कुन हैसियतमा छु, राजीनामा माग्ने हैसियत हो कि होइन, सरकारको विरोध कतिबेला गरिन्छ भन्ने हेक्का उनीहरूमा हुँदैन, त्यो सोच र चिन्तन आउँदा पनि आउँदैन । कुनै नियम, कानुनसँग सम्बन्ध राख्दैन मात्र राजीनामा दिए हुन्थ्यो भन्ने मानसिकता देखिन्छ । राजीनामा आइहाले पनि त्यसले राजीनामा माग्नेलाई स्वार्थगत रूपमै पनि फाइदा होला नहोला त्यतातिरको कुनै अनुमान गर्न सक्ने हैसियत नै हुँदैन । सरकारलाई गलत सावित गरेर राजिनामा दिन बाध्य बनाउन बोलेर मात्र नपुगेर कसैलाई लेख्न लगाएर पनि प्रतिशोधपूर्ण व्यवहार गरिएका समाचार आइरहेका छन् । कसैलाई गलत सावित गर्न कलम चलाए वापत रकम लेनदेन गरेर समाचारका माध्यमबाट तेजोबध गरिएका हल्ला र समाचारहरू आइरहेका छन् । सो सोच र चिन्तनबाट नेपालीको स्तर परिस्कृत र उन्नत कसरी होला भन्ने चिन्ता र चासो बढ्दै गएको छ । नेपालीको चेतना स्तर के यसै मापदण्डभित्र पर्ने हो र ? शैक्षिक गुणस्तर र शिक्षित यहि सोच र चिन्तनमा आधारित हुनसक्छ ?

जनताको आवश्यकता, चाहना र अकांक्षा एकातिर छन तर जनताको अभिमतले संसदमा पुगेका सांसदहरू ति सब छोडेर दैनिक रूपमा एउटै विषयलाई मेरो गोरूको बाह्रै टक्के झैं गरी रटानका साथ तमाम समस्या समधान गर्नुपर्ने, कानुनी राज्य स्थापितमा सहयोग पुग्नुपर्ने आवश्यकतालाई ओझेलमा पार्ने काम संसदीय अभ्यासले पनि यहि प्रतिशोधलाई मलजल पुऱ्याइरहेको छ ।

मनोवैज्ञानिक रूपमा हेर्दा यसलाई "नकारात्मक राजनीतिक पहिचान" भन्न सकिन्छ । अर्थात्, आ ँनो अस्तित्व र सफलता सकारात्मक उपलब्धिमा होइन, विपक्षीको असफलतामा खोज्ने प्रवृत्ति । यस्तो अवस्थामा राजनीतिक दलहरु "हामीले के गर्यौं ?" भन्दा "उनीहरूलाई कसरी असफल देखाउने ?" भन्ने मानसिकतामा केन्द्रित हुन्छन् । यही कारण विकासका मुद्दाभन्दा आरोप-प्रत्यारोप, घृणा र प्रतिशोधको राजनीति हावी हुन्छ ।

नेपालको राजनीतिमा अर्को गम्भीर समस्या "प्रतिशोध" र "कानुनी कारवाही" बीचको सीमारेखा धमिलो हुनु हो । सत्तामा रहँदा भएका भ्रष्टाचार, शक्ति दुरूपयोग वा मानवअधिकार उल्लंघनका घटनामाथि अनुसन्धान हुँदा त्यसलाई तुरून्तै "राजनीतिक प्रतिशोध" भनेर व्याख्या गर्ने प्रवृत्ति बलियो बनेको छ । यसले कानुनी शासनप्रति नै अविश्वास सिर्जना गरेको छ ।

कुनै पनि लोकतान्त्रिक प्रणालीमा कानून व्यक्ति वा दलभन्दा माथि हुन्छ । यदि कुनै प्रधानमन्त्री, मन्त्री, दल वा आन्दोलनकारीले गैरकानुनी काम गरेको छ भने उसलाई अनुसन्धान र कारवाहीको दायरामा ल्याउनु प्रतिशोध होइन, कानुनी राज्यको आधारभूत सिद्धान्त हो । तर नेपालमा "मेरो मान्छे" र "तेरो मान्छे" को मानसिकताले कानूनलाई पनि राजनीतिक रंग दिन थालेको छ । अघिल्ला सरकारहरूले गलत काम गरेर राज्यकोषको भरपुर दुरूपयोग गरेको प्रमाणित भईसकेको छ । केपी शर्मा ओली प्रधानमन्त्री हुँदा पूर्व भिआइपीका नाममा बाँडिएको करोडौ रकमको एमाले पार्टीको खाताबाट फिर्ता गरिएको विषयले उक्त कुरालाई प्रमाणित गरेको छ । यति विध्न सत्ताको दुरूपयोग गर्नेलाई कारवाही गर्दा फेरी भन्छन - प्रतिशोध भयो ।

उदाहरणका रूपमा विगतका सरकारका पालामा भएका विभिन्न विवाद, भ्रष्टाचार आरोप, दमनकारी गतिविधि वा आन्दोलनका क्रममा भएका हिंसात्मक घटनालाई लिन सकिन्छ । सत्ता पक्षले आ ँनालाई जोगाउने र विरोधीलाई कठोर कारवाही गर्ने आरोप नयाँ होइन । अर्कोतर्फ, सत्ताच्युत भएपछि उही समूहले आफूविरूद्धको अनुसन्धानलाई "प्रतिशोध" भन्न थाल्छ । यही दोहोरो चरित्रले समाजमा भ्रम पैदा गरेको छ(के कानून साँच्चै निष्पक्ष छ ? कि सत्ता बदलिँदा निशाना मात्र बदलिन्छ ?

अन्तर्राष्ट्रिय लोकतान्त्रिक मान्यतामा भने स्पष्ट सिद्धान्त छ-"Accountability is not revenge" अर्थात्, जवाफदेहिता प्रतिशोध होइन । संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय मानवअधिकार कानून र लोकतान्त्रिक शासन प्रणालीले सत्ता वा शक्तिमा पुगेका व्यक्तिहरु कानूनभन्दा माथि नहुने स्पष्ट मानेका छन् । अमेरिका, दक्षिण कोरिया, फ्रान्स, इजरायल वा पाकिस्तानजस्ता देशमा समेत पूर्वप्रधानमन्त्री, राष्ट्रपति वा शक्तिशाली नेतामाथि अनुसन्धान र मुद्दा चलेका उदाहरण छन् । त्यसलाई लोकतन्त्रको कमजोरी होइन, संस्थागत मजबुतीका रूपमा हेरिन्छ ।

तर त्यहाँ र नेपालबीचको मुख्य भिन्नता के हो भने विकसित लोकतन्त्रमा अनुसन्धान संस्थाहरु तुलनात्मक रूपमा स्वतन्त्र हुन्छन् । अदालत, प्रहरी, अख्तियार वा अनुसन्धान निकायलाई दलगत प्रभावबाट केही हदसम्म टाढा राखिन्छ । नेपालमा भने संस्थाहरूलाई राजनीतिक प्रभावबाट पूर्ण स्वतन्त्र बनाउन नसक्दा हरेक अनुसन्धानमाथि आशंका पैदा हुन्छ । यही अविश्वासले "कानुनी कारवाही पनि प्रतिशोध हो" भन्ने भाष्यलाई बलियो बनाएको छ ।

यसको गहिरो मनोवैज्ञानिक असर समाजमा पनि देखिन्छ । जब जनताले बारम्बार एउटै दृश्य देख्छन-सत्तामा हुँदा उन्मुक्ति, सत्ता बाहिरिँदा प्रतिशोधको आरोप- उनीहरु कानून र न्याय प्रणालीप्रति नै निराश बन्न थाल्छन् । त्यसपछि समाजमा "शक्ति नै सत्य हो" भन्ने खतरनाक सोच विकास हुन्छ । कानूनमाथि विश्वास घट्दा लोकतन्त्र कमजोर बन्छ र भीडतन्त्र, आक्रोश र चरम ध्रुवीकरण बढ्न थाल्छ ।

नेपालमा अहिले यही संकट देखिन थालेको छ । राजनीतिक दलहरु राष्ट्र निर्माणभन्दा सत्ता रक्षा वा सत्ता प्राप्तिमा बढी केन्द्रित छन् । सत्तापक्ष आलोचनालाई षड्यन्त्र ठान्छ, प्रतिपक्ष सरकारको असफलतामा अवसर खोज्छ । जनताका मुद्दा बीचमै हराउँछन् ।

यो प्रवृत्ति रोक्न सबैभन्दा पहिले राजनीतिक परिपक्वता आवश्यक छ । प्रतिपक्षले सरकारको आलोचना गर्दा पनि राष्ट्रिय हितलाई केन्द्रमा राख्नुपर्छ । सरकारमा रहनेहरूले आलोचनालाई लोकतान्त्रिक अधिकारका रूपमा स्वीकार गर्न सिक्नुपर्छ । कानुनी कारवाहीलाई प्रतिशोधबाट अलग राख्न संस्थागत स्वतन्त्रता बलियो बनाउनुपर्छ । अदालत, प्रहरी, अनुसन्धान निकाय र संवैधानिक संस्थालाई दलगत प्रभावबाट मुक्त नगरेसम्म यो समस्या दोहोरिइरहन्छ ।

लोकतन्त्रको सौन्दर्य प्रतिशोधमा होइन, उत्तरदायित्वमा हुन्छ । राजनीतिक प्रतिस्पर्धा आवश्यक छ, तर राष्ट्रको असफलतामा रमाउने मानसिकता अन्ततः सबैका लागि विनाशकारी हुन्छ । किनकि सरकार ढले पनि देश कमजोर भयो भने त्यसको मूल्य आम नागरिकले तिर्नुपर्छ । त्यसैले अब नेपालले "कसरी अर्को पक्षलाई हराउने ?" भन्दा "कसरी देशलाई जिताउने ?" भन्ने मानसिकतामा प्रवेश गर्नैपर्छ । नभए राजनीतिक परिवर्तन भइरहनेछ, तर देश उही चक्रमा अल्झिरहनेछ ।

## तरूण दलको अध्यक्षमा कोईराला

**दमक/** नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल तरूण दलको केन्द्रीय अध्यक्षमा मनिष कोइराला नियुक्त भएका छन् । कांग्रेस सभापति गगनकुमार थापाले पार्टीको विधान, २०१७ (संशोधनसहित) को धारा ४२ (१) (च) बमोजिम काठमाडौंका कोइरालालाई आज अध्यक्ष पदमा नियुक्त गरेका छन् । गत वैशाख २१ गते बसेको कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले गरेको निर्णयअनुसार सभापति थापाले कोइरालालाई अध्यक्षमा नियुक्त गर्नुभएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिए।

म्याद समाप्त भई कार्यसमिति स्वतः विघटन भएपछि तरूण दलको अध्यक्ष पद रित्त थियो । नवनियुक्त अध्यक्ष कोइरालालाई तोकिएको समयभित्रै तरूण दलको महाधिवेशन सम्पन्न गर्ने मुख्य जिम्मेवारी दिइएको छ । यसका लागि पार्टीले ९ बुँदे स्पष्ट कार्यादेश र कार्यविवरण समेत उपलब्ध गराएको छ । लामो समयदेखि तदर्थ समितिको भरमा चल्दै आएको तरूण दलले नयाँ नेतृत्व पाएसँगै अब महाधिवेशनको प्रक्रिया अघि बढ्ने अपेक्षा पार्टीले गरेको छ ।

## अमेरिका वरिष्ठ उच्च अधिकारी रोजर्स नेपाल आउँदै

दमक । अमेरिकी विदेश मन्त्रालयको सार्वजनिक कूटनीतिसम्बन्धी उपविदेशमन्त्री सारा बी रोजर्स तीनदिने भ्रमणका नेपाल आउने भएकी छन् । उनी जेठ १६ मा नेपाल आउन लागेकी हुन् । यसअघि दक्षिण तथा मध्य एसिया मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री समीर पल कपुर नेपाल आएका थिए । त्यस्तै उनीपछि ट्रम्पका दक्षिण तथा मध्य एसिया विशेषदूत सर्जियो गोर नेपाल आएका थिए । यी अधिकारी भन्दा रोजर्स वरिष्ठ अमेरिकी उच्च अधिकारी हुन् । चैत १३ मा बालेन साह नेतृत्वको सरकार गठन भएपछि अमेरिकी चासो निकै बढेको छ ।

यसअघि आएका अमेरिकी अधिकारीले रास्वपा सभापति रवि लामिछाने, परराष्ट्रमन्त्री शिशिर खनाल र अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग भेटवार्ता गरेका थिएरू। भेटमा द्विपक्षीय सम्बन्ध सुदृढ गर्ने र नेपालको लगानी वातावरण सुधारका विषयमा छलफल भएको थियो । तर प्रधानमन्त्रीसँग भने उनीहरूको भेटवार्ता भएको थिएन ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
प्रचिन विष्ट
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

## दैनिक राशिफल

आज मिति
२०८३ साल
जेठ १४ गते
बुधबार
28 May 2026
तिथि: द्वादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | परिश्रम बढी गर्नु पर्ने । अध्ययन क्षेत्रमा सुधार । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । बोलीको प्रभावबाट काम बन्ने । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| मकर | भो जा जी खि खु खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सबल । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | गरेका कामहरुमा सफता । पठन-पाठनमा भने मध्यम । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |





# अभिनेत्री केन्द्रित नेपाली चलचित्रको नयाँ लहर

नेपाली चलचित्र उद्योगमा लामो समयदेखि एउटा स्थापित धारणा थियो–चलचित्र सफल बनाउन 'पुरुष हिरो' अनिवार्य हुन्छ। त्यसैले अधिकांश चलचित्र पुरुष पात्र वरिपरि निर्माण भए भने अभिनेत्रीहरूलाई प्रेम, त्याग वा भावनात्मक भूमिकामा सीमित गरियो। तर पछिल्लो समय भने यो सोच विस्तारै बदलिन थालेको छ। अहिले अभिनेत्रीहरूले पनि चलचित्रलाई व्यावसायिक र कलात्मक रूपमा सफल बनाउन सक्छन् भन्ने विश्वास बलियो बन्दै गएको छ।

हाल प्रदर्शनमा आएका 'लालीबजार', 'एक मुट्ठी बादल', 'लाइफ ड्यामेज' र 'गुरु आमा' जस्ता चलचित्रले यही परिवर्तनलाई स्पष्ट रूपमा देखाएका छन्। यी चलचित्रमा महिलाहरू केवल सहायक पात्रका रूपमा होइन, कथालाई अघि बढाउने मुख्य शक्तिका रूपमा प्रस्तुत भएका छन्। लामो समयपछि अभिनेत्रीहरूले पर्दामा 'लिड' मात्र होइन, 'हिरो'कै भूमिकामा जिम्मेवारी बोकेको देखिएको छ।

यीमध्ये 'लालीबजार' अहिले विशेष चर्चामा रहेको चलचित्र हो। वैशाख २५ गतेदेखि प्रदर्शनमा आएको यस चलचित्रमा अभिनेत्री स्वस्तिमा खड्काले वादी समुदायकी महिलाको जीवन सङ्घर्ष प्रस्तुत गरेकी छन्। छोरीको भविष्य सुरक्षित गर्न समाजसँग जुध्ने आमाको कथामार्फत चलचित्रले सामाजिक विभेद र कुप्रथाविरुद्ध आवाज उठाएको छ।

स्वस्तिमा खड्काका अनुसार महिला पात्र केन्द्रमा हुनु नेपाली चलचित्रका लागि ठूलो परिवर्तन हो। उनका भनाइमा, नेपाली चलचित्रमा अझै पनि धेरै कथा पुरुष पात्रलाई केन्द्रमा राखेर लेखिन्छन्, तर अहिले दर्शकले फरक विषय र दृष्टिकोणका कथा पनि स्वीकार गर्न थालेका छन्। उनी बलियो कथावस्तु भए पात्रको लिङ्गभन्दा कथा नै मुख्य हुने बताउँछिन्।

यस्तै, 'एक मुट्ठी बादल'ले महिलाको व्यक्तिगत स्वतन्त्रता र निर्णय क्षमतालाई उठाएको छ। जेठ १ गतेदेखि प्रदर्शनमा आएको चलचित्रमा अभिनेत्री आँचल शर्माले 'माइली' नामकी युवतीको भूमिका निर्वाह गरेकी छन्। विवाहजस्तो महत्वपूर्ण निर्णयमा महिलाले आफ्नो इच्छा र स्वतन्त्रता प्रयोग गर्न पाउनुपर्छ भन्ने सन्देश चलचित्रले दिएको छ।

आँचल शर्माका अनुसार चलचित्रमा महिलाको भूमिका पर्दामा मात्र सीमित छैन। निर्देशन, छायाङ्कन, सम्पादनलगायत निर्माणका धेरै पक्षमा महिलाकै नेतृत्व रहेको उनले बताइन्। उनका अनुसार चलचित्रले महिलाको आत्मविश्वास र आफ्नै निर्णय गर्ने अधिकारलाई उजागर गर्न खोजेको छ।

नेपाली चलचित्र क्षेत्रमा एक समय अभिनेत्री रेखा थापाले महिला पात्रलाई 'एक्सन हिरो'का रूपमा स्थापित गरेकी थिइन्। त्यसपछि उद्योग फेरि पुरुष केन्द्रित कथातर्फ फर्किएको थियो। तर अहिलेका चलचित्रहरूले परिस्थिति फेरि बदलिँदै गएको सङ्केत दिएका छन्।

पछिल्ला चलचित्रहरूले स्पष्ट रूपमा देखाएका छन् कि दर्शक अब केवल 'हिरो' हेर्न हल जाँदैनन्। उनीहरू राम्रो कथा खोजिरहेका छन्, र त्यो कथा महिलाको दृष्टिकोणबाट पनि प्रभावकारी रूपमा भन्न सकिन्छ भन्ने विश्वास नेपाली चलचित्र क्षेत्रमा विस्तारै मजबुत बन्दै गएको छ।

# एचआईभीप्रति बद्लिँदो दृष्टिकोण




कुनै समय समाजमा अत्यधिक डर, भ्रम र सामाजिक बहिष्कारसँग जोडिने एचआईभी संक्रमण अहिले विस्तारै सामान्य स्वास्थ्य अवस्थाका रूपमा स्वीकारिन थालेको छ। आधुनिक उपचार पद्धति, जनचेतनाको वृद्धि र नियमित औषधि सेवनका कारण एचआईभी संक्रमित व्यक्तिहरू सामान्य जीवन बिताउन सक्षम बन्दै गएको स्वास्थ्यकर्मीहरू बताउँछन्।

स्वास्थ्य निर्देशनालय वाग्मती प्रदेशका जनस्वास्थ्य प्रशासक सञ्जु राईका अनुसार समयमै परीक्षण गरी उपचार सुरु गरे संक्रमित व्यक्तिले अन्य मानिससरह काम, परिवार र सामाजिक जीवन सहज रूपमा सञ्चालन गर्न सक्छन्। हाल धेरै संक्रमित व्यक्ति रोजगारी, पारिवारिक जिम्मेवारी र सामाजिक गतिविधिमा सक्रिय छन्। नेपालमा हाल अनुमानित ३४ हजार ३३७ जना एचआईभी संक्रमित रहेका छन्। वयस्क जनसंख्यामा संक्रमण दर ०.१३ प्रतिशत छ। वाग्मती प्रदेशमा संक्रमण दर अघिल्ला वर्षको तुलनामा घट्दो क्रममा देखिएको छ। आर्थिक वर्ष २०७९/८० मा ८८३ जनामा संक्रमण पुष्टि भएकोमा २०८०/८१ मा यो संख्या घटेर २०८ मा झरेको थियो। यद्यपि, चालु वर्षमा प्रदेशभर ७२७ जनामा संक्रमण पुष्टि भएको तथ्यांकले देखाउँछ।

प्रदेशभर १८ वटा एआरटी सेवा केन्द्र, ६ वटा ओएसटी केन्द्र तथा काठमाडौं र चितवनमा भाइरल लोड परीक्षण केन्द्र सञ्चालनमा छन्। स्वास्थ्य नीति अनुसार '९५-९५-९५' लक्ष्य हासिल गर्ने अभियान पनि जारी छ। यसअन्तर्गत संक्रमितमध्ये ९५ प्रतिशतले आफ्नो अवस्था थाहा पाउने, थाहा पाएकामध्ये ९५ प्रतिशत उपचारमा आबद्ध हुने र उपचारमा रहेका ९५ प्रतिशतको भाइरल लोड नियन्त्रणमा ल्याउने लक्ष्य राखिएको छ। हाल वाग्मती प्रदेशमा ८६ प्रतिशत संक्रमितले आफ्नो अवस्था थाहा पाएका छन् भने ९७ प्रतिशत उपचारमा आबद्ध छन्। उपचारमा रहेका ८५ प्रतिशतको संक्रमण नियन्त्रणमा आएको छ।

स्वास्थ्यकर्मीहरूका अनुसार चुनौती अझै बाँकी छन्। सामाजिक विभेद, परीक्षणमा ढिलाइ, उपचारप्रतिको लापरबाही र दुर्गम क्षेत्रमा सेवा पहुँचको कमीले संक्रमण नियन्त्रण अभियानलाई प्रभावित बनाइरहेको छ। त्यसैले एचआईभीप्रति डर होइन, सचेतना, परीक्षण र नियमित उपचारलाई प्राथमिकता दिन आवश्यक देखिन्छ।

# इलाम पूर्ण खोप पालिका घोषणा

***इलाम/*** *इलाम नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता र दिगोपनाको लागि पूर्ण खोप पालिका घोषणा गरिएको छ।*

*इलाम नगरपालिकाकी उपप्रमुख विष्णुकुमारी लिम्बु दाहाल, प्रमुख प्रशासकीय अधिकृत गणेशकुमार खड्का, नगर प्रवक्ता नुतनदेव दुलाल, वडा नम्बर पाँचका वडाध्यक्ष काजीबहादुर श्रेष्ठ, सातका वडाध्यक्ष नरेश श्रेष्ठ, स्वास्थ्य कार्यालय इलामका खोप सुपरभाइजर गंगाधर पण्डित, स्वास्थ्यकर्मी, महिला स्वयंसेवीका लगायतको उपस्थितिमा पूर्ण खोप पालिका घोषणा गरिएको छ।*

*नेपाल सरकारले नेपाललाई पूर्ण खोप देश घोषणा गर्ने तयारी गरिरहेको छ। वडालाई घोषणा गर्दै पालिकालाई समेत पूर्ण खोप घोषणा पछि इलाम जिल्लालाई समेत पूर्ण खोप घोषणाको तयारी अन्तिम चरणमा पुगेको छ।*

*बिभिन्न मापदण्ड पुरा गर्दै नगरलाई पूर्ण खोप पालिका घोषणा गरिएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख उपेन्द्र खनालको भनाई छ।*

# कोशी टप्पुमा ११ हजार पर्यटक




**ईटहरी/** आर्थिक वर्ष २०८१/८२ मा ११ हजार ६०३ पर्यटकले कोशी टप्पु आरक्ष भ्रमण गरेको कोशी टप्पु वन्यजन्तु आरक्ष कार्यलयले जनाएको छ।

भ्रमण गर्नेमा आन्तरिक पर्यटक ११ हजार २१४ र सार्क मुलुकबाट ४२ महिला र ४५ पुरुष गरी ८७ जना तथा अन्य मुलुकबाट १५१ महिला र १५१ पुरुष गरी ३०२ विदेशी पर्यटक रहेको आरक्ष प्रमुख एवं वरिष्ठ संरक्षण अधिकृत भूपेन्द्रप्रसाद यादवले जानकारी दिए। जैविक विविधता, दुर्लभ वन्यजन्तु तथा शान्त वातावरणका कारण आरक्ष आन्तरिक र बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ। सुनसरी र सप्तरी जिल्लाभित्र सप्तकोशी नदीले बनाएको टापु क्षेत्रमा फैलिएको यस आरक्ष जङ्गली भैंसी (अर्ना) का लागि प्रसिद्ध छ। कोशी टप्पु रैथाने अर्ना पाइने नेपालको एक मात्र संरक्षित क्षेत्र मानिन्छ।

सन् १९८७ देखि यो क्षेत्र रामसार सूचीमा सूचीकृत छ। यहाँ घडियाल, मगरगोही, सोंस (डल्फिन) तथा विभिन्न प्रजातिका माछा पनि पाइन्छन्। चराचुरुङ्गीको उच्च विविधताका कारण कोशी टप्पुलाई 'चराहरूको राजधानी' समेत भनिन्छ। प्राकृतिक सौन्दर्य र जैविक विविधताले समृद्ध यस क्षेत्र पक्षी अवलोकन, अध्ययन तथा अनुसन्धानका लागि स्वदेशी र विदेशी पर्यटकको आकर्षण बन्दै आएको छ। आरक्षलाई पूर्वी भारतसँग जोडिएको जैविक मार्गका रूपमा पनि लिइन्छ।

चितुवाबाहेक अन्य ठूला मांसाहारी जनावरको सङ्ख्या न्यून रहे पनि आरक्षले पूर्वी तराई, मधेस क्षेत्रको वन, वनस्पति, हावापानी र जैविक विविधताको प्रतिनिधित्व गर्दै आएको आरक्ष प्रमुख यादवले बताए।

# चार समस्याग्रस्त सहकारीका ऋणीको नाम सार्वजनिक

**काठमाडौं/**समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले चारवटा समस्याग्रस्त सहकारी संस्थाका ऋणीहरूको नामावली सार्वजनिक गरेको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गतको समितिले घेदुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, तपाईं हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, नागरिक कल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका ऋणीहरूको नाम सार्वजनिक गरेको हो। यी सहकारीहरू विसं २०८० चैत १९ गते समस्याग्रस्त घोषित भएका थिए।

समितिले उपलब्ध ऋण विवरणका आधारमा नामावली सार्वजनिक गरिएको जनाएको छ। ऋण चुक्ता गरिसकेका तर नाम समावेश भएका व्यक्तिहरूलाई प्रमाणसहित कार्यालयमा सम्पर्क गर्न आग्रह गरिएको छ।

त्यस्तै, हालसम्म ऋण नतिरेका ऋणीहरूलाई यथाशीघ्र बुद्धनगरस्थित समितिको कार्यालयमा सम्पर्क गरी ऋण चुक्ता गर्न निर्देशन दिइएको छ। तोकिएको समयभित्र ऋण नतिरे कानुनअनुसार कडा कारबाही गरी असुलउपर गरिने चेतावनीसमेत समितिले दिएको छ।

# पूर्वी सीमावर्ती नाकामा सुरक्षा निगरानी

**दमक/** भारतको पश्चिम बंगालमा रोहिंगिया र बंगलादेशी मुसलमानविरुद्ध कडाइ बढेपछि उनीहरू नेपाल प्रवेश गर्न सक्ने आशंकामा झापासहित पूर्वी सीमावर्ती नाकामा सुरक्षा निगरानी कडा पारिएको छ। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार भारतबाट नेपाल आउने व्यक्तिलाई परिचयपत्र अनिवार्य गरिएको छ।

भारतीय गृह मन्त्रालयले पश्चिम बंगालमा आइपीएस अजय पाल शर्मालाई नियुक्त गरेपछि त्यहाँ अवैध रूपमा बस्दै आएका रोहिंगिया र बंगलादेशी मुस्लिमहरू पलायन हुन थालेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। खुला सीमाका कारण उनीहरू नेपाल छिर्न सक्ने जोखिम बढेको सुरक्षा निकायको भनाइ छ।

प्रहरीका अनुसार रोहिंगिया र बंगलादेशी नागरिकको पहिचान गर्न कठिन भएकाले सीमावर्ती क्षेत्रमा विशेष सतर्कता अपनाइएको छ। झापाका केही मुस्लिम बस्तीमा उनीहरू लुकेर बसेको हुन सक्ने आशंका गरिए पनि त्यसबारे आधिकारिक पुष्टि नभएको प्रहरीले जनाएको छ।

यसअघि पनि बिना परिचयपत्र नेपाल प्रवेश गर्न खोज्ने दुई बंगलादेशी नागरिक काँकडभिट्टाबाट पक्राउ परेका थिए। मोरङको जोगबनी नाकासहित अन्य सीमाक्षेत्रमा समेत निगरानी बढाइएको छ। सुरक्षा निकायले अवैध घुसपैठले धार्मिक कट्टरता तथा अपराध बढ्न सक्ने चिन्ता व्यक्त गर्दै सीमा नियन्त्रणमा विशेष ध्यान दिएको जनाएको छ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

# जीवन के हो ?



✍ डा. लेखनाथ नेउपाने

क्रमागतः सफलता ठूलो होस या सानो उदाहरणीय र प्रयासयोग्य भए अरूलाई पनि प्रेरणाको स्रोत बन्दछ। र, यो पनि जीवनको अमुल्य सम्पति मानिन्छ।

हरेक मानिस, पशुप्राणी र वनस्पतिको निस्चित जीवन हुन्छ। अमर कोही छैन्। जब यो जीवन सधैकालागि छैन र मृत्युले समात्छ भने किन कसैको बैरी बन्ने, किन दुस्मन बन्ने, किन अरूको नराम्रो सोच्ने, किन अरूलाई तल देखाउने ? अखिर यो भौतिक शरीर छोटो समयकालागि हो भने किन यसलाई उत्सवको रूपमा नलिने ?

महान विचारक ओशो भन्छन् "जीवन दुई दिनको नाटक हो, भोगाई हो, मिलन र विछोढको अनुभव हो, किन यसलाई उत्सवको रूपमा नलिने ! किन एक आपसमा गला मिलाएर नबस्ने ! छुटेर जाने नै हो किन दुस्मनि वढाउने ! हामीले मृत्युलाई बुझ्न सक्यौ भने हामीमा घमण्ड, लालच, हिंसा हराएर जान्छ। यो नै असली धर्म हो।"

भगवान कृष्ण भन्नु हुन्छ "तिमी मेरोलागि समय निकाल, म तिम्रो नराम्रो समयबाट बाहिर निकाल्छु। खुसीका पलहरू दिन्छु, रमाउने आधार खोली दिन्छु, असहज जीवनलाई सहज बनाई दिन्छु, खुसीले भरिदिन्छु। कसैको विस्वासलाई, आस्थालाई म सम्मान गर्छु। सम्मानलाई म सम्मान साथ ग्रहण गर्छु र फिर्ता पनि त्यसरी नै गर्छु। कुनै मानिसले कसैलाई गाली गर्दै छ, बेइजत गर्दै छ, अपमान गर्दै छ भने बुझ्नुपर्छ मेरो पूर्वजन्मको कर्म या पाप नष्ट हुँदै छ। त्यो बेलामा आफु चुप रहनु सकियो भने त्यसलाई सहजै पचाउन सकियो भने नराम्रो कर्म सकिदै छ, पाप नष्ट हुँदै छ भनेर सम्झिनु पर्छ। यसमा घाटा केहि हुँदैन। गाली, बेइजति, अपमानलाई हाँसेर उडाउन सकियो भने उ आफै लज्जित हुन्छ। जसले जस्तो व्यवहार गर्छ उसले पनि त्यस्तै दण्ड भोग्छ। यही जीवनको सत्य हो। समय सबैको आउछ। पालो सबैको आउछ। त्यसैले मिहेनत गर्न नछाडेमा सफल हुँने पालो हरेकको आउँछ नै।"

भगवान कृष्णलाई सय गाली दिदासम्म चुप बसे तर सय भन्दा वढी गाली दिएपछि सिसुपाल मारिए। यो एउटा गतिलो बिम्ब हो कि सहनुको पनि हद हुन्छ।

जीवनमा आफैप्रति कुतज्ञ हुन सक्नु पर्छ। आफुले पाएको यो सुन्दर जीवन फेरि प्राप्त हुन्छ हुँदैन, जो प्राप्त छ त्यसको भरपुर उपयोग गर्नुपर्छ। जीवनमा सुख हुँदा मात्र जीवनप्रति कृतज्ञ हुनुपर्छ भन्ने भनाई गलत हो। दुःखपछि सुख आउछ र सुखपछि दुःख, अहिले दुःख छ भनेर दुःखी हुनु हुन्न। दुःखनै सुखको आधार हो र दुःख बुझेको मानिसले मात्र सुख महसुस गर्न सक्छ। दुःखमा पनि सुख लुकेको हुन्छ, बस अनुभव गर्न सक्नु पर्दछ।

प्रकृति र पञ्च तत्वप्रति कृतज्ञ रहन सकें दुःखको धेरै भोग गर्नु पर्दैन। आफैलाई समय दिनु, आफैमा रमाउनु, योग ध्यान गरेर भगवानको नाम लिएर बस्न सके खुसी आफैमा प्राप्त हुन्छ। प्रकृतिका बरदान बोटविरूवा, सागपात, अन्न, चराचुरूङ्गी र वातावरणप्रति कृतज्ञ रहौं यसले हामीलाई नै खुसी र सुख महसुस गराइरहेका छन्। हरेक वस्तु हाम्रै लागि हुन् भनेर कृतज्ञ हुँदै रमाउन सक्नु सफल जीवन हो। प्रकृतिको उत्कृट उपहार मध्ये म पनि हुँ, मलाई यो उपहार प्रदान गर्ने तत्वलाई सम्झिने र सम्मान गर्ने हो भने हाम्रो दुःख कम भएर जान्छ। दुःख र सुख प्रकृतिसँग साटन सिकौं र हरेक पल दातालाई धन्यवाद दिउँ। क्रमशः

जीवनका केहि नियम हुन्छन्। यस्ता नियमलाई पालना गर्ने हो भने जीवन सहज हुन्छ। १, उठने वित्तिकै विधातालाई सम्झेर कृतज्ञता व्यक्त गर्ने, जन्मदातालाई ढोग्ने कि आज म सकुसल उठन सकें। दुबै हात खोलेर र जोडेर "कराग्रे बसते लक्ष्मी, करमध्ये सरस्वती, करमुले तु विष्णु, प्रभाते करदर्शनम" नामको मन्त्र जप गर्नु राम्रो मानिन्छ। र आफु सुतेको ओच्छयान मिलाउने, यसले उत्तर दायित्व वढाउछ। २, संकल्प उच्च रहनु पर्छ। ३, सबैलाई एउटै प्रेममा बाध्ने कोसिोस गर्नु। ४, सबै प्रश्नको/समस्याको जवाफ आफैमा खोज। सानो सफलतालाई पनि उत्साहसँग जोडीनु पर्छ। असफलता नै सफलतको कडी हो भन्ने स्मरण रहनु पर्छ। ५, निरन्तरता जरूरी हुन्छ ६, हारबाट पाठ सिक्नु पर्छ ७, टिम वर्क जरूरी हुन्छ ८, भविष्यको योजना बनाउनु पर्छ। ८, जोखिम उठाउन सक्नु पर्छ र १०, साहस, हिम्मत वढाउनु पर्छ।

लेखक ब्रायन ट्रेसी लेख्छन्, हामीले आफुलाई हेर्ने दृटिकोण उच्च बनाउनु पर्छ। आफुलाई हेर्ने दृष्टिकोणलाई आत्म–छवि भनिन्छ। कुनै परिस्थिति विशेषमा तपाईंको व्यवहार कस्तो हुनुपर्छ, आत्म–छविको कारणले तपाईंको बाहिरी प्रर्दशन ठीक त्यस्तै हुन्छ, जस्तो तपाई आफ्नो बारेमा सोच्नु हुन्छ। आउने कुनै पनि परिस्थितिको बारेमा कल्पना गरेर आफैलाई सर्वश्रेष्ठ प्रर्दशन गरेको देख्ने सोच तपाई अवचेतनलाई एक सन्देश पठाउनु हुन्छ। तपाईंको अवचेतन दिमागले यो सन्देशलाई आदेश जसरी लिन्छ र फेरि तपाईंको सोच शव्द र तपाईंद्धरा गरिने कामको तौरू तरिकालाई ठीक त्यस्तै बनाइदिन्छ, जस्तो तपाईंले कल्पना गर्नु भएकको थियो।

तपाईंको जिन्दगीमा तमाम सुधारको सुरूवात तपाईंको दिमागको छविमा सुधारसँगै हुन्छ। तपाईंको यो आन्तरिक छवि नै तपाईंको भावना, व्यवहार, सोच र कहाँसम्म भने अरू मानिसको तपाईंप्रतिको व्यवहारलाई पनि निर्धारित गर्छ। त्यसैले सकारात्मक सोच जीवन बदल्ने कडी हो। आफ्नो योग्यता र क्षमतामा पनि विश्वास गर्नुपर्छ। उच्च मनोबल र यो सक्छु भन्ने आत्मविश्वासले तपाईलाई सफल बनाउछ। तपाई जति आफुलाई मनपराउनु हुन्छ त्यतिनै कामलाई पनि मन पराएर सम्पन्न गर्न हुन्छ। तपाईं जति आफुलाई मन पराएर सम्मान गर्नु हुन्छ त्यतीनै अरूलाई सम्मान र माया गर्नु हुन्छ। यसले तपाईको छवि वढेर जान्छ। सम्मान आफै प्राप्त हुन थाल्छ।

आफ्नो बारेमा उच्च सम्मान गर्ने व्याक्तिको घरमा पनि सबै सदस्यहरू सम्मानित र खुसी हुन्छन्। त्यसैले आफु र अरू सबैको सम्मान र माया गर्न सक्नु पर्छ। यसले सबै कुरा सकारात्मक भएर जाने छ।

तपाईंको अवचेतनले सधै तपाईको आदर्श र वास्तविक प्रदर्शनको बीचमा तुलना जारी राख्छ। जब कुनै पनि बेला तपाईं आफूलाई आफ्नो आदर्शको नजिक पाउनु हुन्छ, तब तपाईं आफ्नो विषयमा धेरै उत्साहित हुनुहुन्छ। तपाई आफ्नो नजरमा धेरै उच्च उठनु हुन्छ। तपाई खुसी र सन्तुष्ट महसूस गर्नुहुन्छ। तर यदि तपाई आफ्नो राय र स्वभावमा मेल नखाने काम गर्नु हुन्छ त्यसले तपाईंलाई आफैमा गिराउँछ। जो आफैमा गिर्छ, उठन कठिन हुन्छ। तपाईं आफ्नोबारेमा नराम्रो महशुस गर्नु हुन्छ र नकारात्मक सोचले गाज्न सक्छ। त्यसैले पनि आफूलाई आफैले मुल्याङ्कन गर्नु र भावनालाई बहकिन नदिनु उचित हो। तपाईंको आफ्नो बारेमा रहेको सोच नै आफ्नो विचार व्याक्तित्व हो। तपाईं आफूलाई जति मनपारउनु हुन्छ, आफ्नो नजरमा तपाईको छवि र प्रर्दशन त्यति नै राम्रो हुन्छ। यसले आफूलाई खरो रूपमा उत्रिन सघाउने छ। जो मानिस आफैमा विस्वस्त छ उ अरूको आलोचना र उक्साहटमा लाग्दैन। दृढ इच्छा पूरा गर्न सफल हुन्छ।

एउटा महत्वपूर्ण कुरा भनेको आफैमा संवाद गर्न छाड्नु हुँदैन, बरू वढाएर लग्नु पर्दछ। अर्न्तर संवादले तपाईंलाई निखारेर मनको विषालतालाई चिन्न सघाउने छ।

हामी दुःख पीडा आयो भनेर गुनासो गर्छौ तर दुःख या कष्टले भोलीको सहज जीवन ल्याएको हुन्छ। उदाहरण, कसैलाई अचानक पेट दुख्यो भने उपचारमा जाने अवसर पनि हुन सक्छ। रोग ढिलो थाहा पाएर मृत्य हुनबाट बचाउने अवसर हो दुखाई र अन्य समस्या। हृदयघातबाट बच्न दुखेको हो छाती, एपेण्डिक्सको दुखाई उपचार पाएर स्वस्थ रहन हो। यस्तै कसैलाई अचानक आइपर्ने अप्ठ्यारो भोलीको सहज हुनका लागि हुन सक्छ। त्यसैले सकारात्मक हुन सिकौं। कुनै काम आज हुनु पर्ने भएन, भोली अझ राम्रो हुनुलाई पनि हुनसक्छ। कुनै व्यवधान टार्न पनि काम नबन्न सक्छ। यसमा सोच्ने क्षमता भए पुग्छ।

मानिस चुपचाप बस्न सक्छ, कुनै प्रतिक्तिया देखाउँदैन भने हारेको या कमजोर भनेर सोच्नु हुँदैन। यो भनेको भइरहेको कामको प्रतिबाध हुन सक्छ या शक्ति संचय पनि हुन सक्छ। अर्को भाषामा भन्दा जीवन एउटा विद्रोह पनि हुन सक्छ।

# मन्त्रालय हटाएकोमा ज्येष्ठ नागरिकद्वारा विरोध



✍ पंकज दाहाल

**भद्रपुर/** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नामबाट 'ज्येष्ठ नागरिक' शब्द हटाएको भन्दै बर्तमान बालेन सरकारको विरोधमा देशभरका ज्येष्ठ नागरिकहरू विरोधमा उत्रिएका छन् । आफ्नो छाता संगठन राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ नेपाल केन्द्रीय कार्यसमितिको निर्देशनअनुसार बुधबार ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई ज्ञापन पत्र बुझाएर ज्येष्ठ नागरिकहरू विरोधमा उत्रिएका हुन् । अहिले देशमा ३० लाखको हाराहारीमा ज्येष्ठ नागरिकहरू रहेका छन् । यतिका संख्यामा रहेका ज्येष्ठ नागरिकको नाम हटाएर सरकारले आफूहरूमाथि अन्याय र अपमान गरेको भन्दै उनीहरू देशव्यापी पहिलो कार्यक्रम लिएर विरोधमा उत्रिएको महासंघले जनाएको छ ।

यसै सन्दर्भमा झापामा जिल्ला प्रशासन कार्यालय चन्द्रगढी पुगेर ज्येष्ठ नागरिक जिल्ला संघ झापाले प्रमुख जिल्ला अधिकारी शिवराम गेलाललाई ज्ञापन पत्र बुझाएको छ । जिल्ला संघका अध्यक्ष ईश्वरीप्रसाद तिमल्सेनाको नेतृत्वमा प्रजिअको कार्यकक्षमै सो ज्ञापन पत्र बुझाइएको हो । त्यसक्रममा राष्ट्रिय ज्ये

ष्ठ नागरिक महासंघको केन्द्रीय सदस्य तथा जिल्ला संघका सदस्य पंकज दाहालले सरकारको निर्णयले ज्येष्ठ नागरिकको अपमान र अन्याय भएकाले मन्त्रालयको नाममा 'ज्येष्ठ नागरिक' भन्ने शब्द पुनस्थार्पित गर्न माग गरेका थिए । उनले ज्येष्ठ नागरिकहरूले गौरवबोध गरिरहेको नाम हटाइनु दुर्भाग्यपूर्ण भएको र यसलाई सच्याएर सरकारले आफ्नो निर्णयमा पुनर्विचार गर्नुपर्ने बताए ।

ज्ञापन पत्र बुझिसकेपछि प्रजिअ गेलालले ज्येष्ठ नागरिकको विषयमा केन्द्रीय मन्त्रालयमा छलफल हुँदा कुराकानी भएको स्मरण गर्दै प्रस्तुत मागलाई प्रधानमन्त्री कार्यालयमा फरवार्ड गरिदिने प्रतिक्रिया दिए । प्रजिअ गेलालले ज्येष्ठ नागरिकका सम्बन्धमा भएका ऐन नियमहरू कार्यान्वयन हुनुपर्छ भन्नेमा आफूहरू पनि सकारात्मक रहेको बताए । ज्ञापन पत्र बुझाउने टोलीमा जिल्ला अध्यक्ष तिमल्सेना, महासंघको केन्द्रीय सदस्य दाहाल, जिल्ला सचिव कृष्णप्रसाद फुयाल, जिल्ला सदस्यहरू भद्रपुरका नगर अध्यक्ष हेमप्रसाद खनाल, कनकाईका नगर अध्यक्ष शम्भुप्रसाद पोखरेल तथा नगर सचिव कृष्णप्रसाद घिमिरे र भद्रपुरका नगर उपाध्यक्ष शंकरप्रसाद गौतम रहेका थिए । यस्तो ज्ञापन पत्र ज्येष्ठ नागरिक महासंघका अध्यक्ष सूर्यप्रसाद श्रेष्ठको नेतृत्वको टोलीले राजधानी काठमाडौंमा प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालय, महिला, बालबालिका तथा यौनिक लैङ्गिक अल्पसंख्यक मन्त्रालयका सचिव राधिका अर्याल र काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई पनि बुझाएको छ । सात वटै प्रदेशमा प्रदेश ज्येष्ठ नागरिक महासंघहरूले पनि सम्बन्धित जिल्लाका प्रजिअ र मुख्यमन्त्रीको कार्यालयमा पनि विरोध सहित यस्तो ज्ञापन पत्र बुझाएका छन् । ज्ञापन पत्रमा मन्त्रालयमा देशभर २ हजार ९८४ मा जनसंख्या रहेको यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई भने प्राथमिकता दिएर नाम राखिएको उल्लेख छ ।

अन्तर्राष्ट्रिय

## चन्द्रमामा बस्ति, मंगलग्रहका लागि ट्रान्जिट

**एजेन्सी/** अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले चन्द्रमामा स्थायी आधार शिविर (:ययल द्यबकभ) निर्माण गर्ने आफ्नो दीर्घकालीन योजनाअन्तर्गत नयाँ चरण सार्वजनिक गरेको छ। बीबीसीका अनुसार,नासाले मानवलाई चन्द्रमामा दीर्घकालीन रूपमा बसोबास गराउने तयारीलाई तीव्र बनाएको हो । नासाले सार्वजनिक गरेको योजनाअनुसार आगामी दशकभित्र चन्द्रमामा स्थायी अनुसन्धान केन्द्र, ऊर्जा प्रणाली र नियमित मानव बसोबासका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ ।

बीबीसीका अनुसार, यो योजना नासाको 'आर्टेमिस कार्यक्रम' अन्तर्गत अघि बढाइएको हो, जसको उद्देश्य मानिसलाई पुन: चन्द्रमामा अवतरण गराउनु मात्र नभई त्यहाँ लामो समयसम्म टिक्न सक्ने वातावरण तयार गर्नु हो ।

नासाले चन्द्रमाको दक्षिणी ध्रुव क्षेत्रमा विशेष ध्यान केन्द्रित गरेको छ । उक्त क्षेत्रमा पानीको बरफ (धबतभच ष्अभ) भेटिएको विश्वास गरिन्छ, जसलाई भविष्यमा पिउने पानी, अक्सिजन र रकेट इन्धन उत्पादनमा प्रयोग गर्न सकिने बताइएको छ। चन्द्रमामा स्थायी बसोबासका लागि विकिरण, चरम तापक्रम, सीमित स्रोत र प्राविधिक जोखिमजस्ता चुनौतीहरू अझै बाँकी रहेको नासाले स्वीकार गरेको छ । तर नासाका वैज्ञानिकहरूले मानव इतिहासको अर्को ठूलो अन्तरिक्ष यात्राका रूपमा यस परियोजनालाई व्याख्या गरेका छन् । बीबीसीका अनुसार, नासाको लक्ष्य केवल चन्द्रमामा पुग्नु होइन, "त्यहाँ टिक्नु र भविष्यमा अझ टाढा-मंगल ग्रहसम्म पुग्ने आधार तयार गर्नु" हो ।

# माङसेबुङमा लिम्बू भाषा औपचारिक रूपमा लागू

**इलाम/** माङसेबुङ गाउँपालिका नेपालकै पहिलो स्थानीय तह बनेको छ जसले 'लिम्बू भाषा' लाई सरकारी कामकाजको भाषाका रूपमा औपचारिक रूपमा लागू गरेको छ । मंगलबारदेखि कार्यान्वयनमा आएको यो निर्णयसँगै गाउँपालिकाले आ  नो प्रशासनिक कामकाजमा नेपाली भाषासँगै लिम्बू भाषा (किरात सिरिजङ्गा लिपि) प्रयोग गर्ने भएको हो ।

गाउँपालिका अध्यक्ष हेमन्त राईले कोशी प्रदेश प्रमुख परशुराम खापुङको प्रमुख आतिथ्यतामा लिम्बू भाषालाई कामकाजको भाषाका रूपमा लागू गरिएको घोषणा गरे । उनका अनुसार २०८३ वैशाख ११ गतेको कार्यपालिका बैठकको निर्णयअनुसार यो ऐतिहासिक कदम चालिएको हो ।

अबदेखि गाउँपालिका र मातहतका कार्यालयहरूमा प्रयोग हुने बोर्ड, लेटरप्याड, फाराम तथा अन्य सरकारी सामग्रीमा नेपालीसँगै लिम्बू भाषा पनि प्रयोग गरिनेछ । साथै, गाउँपालिकाले विद्यालय तथा संस्थासँगको सम्झौतापत्र पनि दुई भाषामा तयार गर्न थालेको छ । सोही अवसरमा साम्जिक मुन्धुम आधारभूत विद्यालयसँग गरिएको सम्झौतापत्र लिम्बू भाषामा समेत लेखेर हस्ताक्षर गरिएको थियो ।

गाउँपालिकाले यो निर्णय नेपालको संविधानले सुनिश्चित गरेको भाषा, संस्कृति र मौलिक हकको कार्यान्वयन भएको जनाएको छ । संविधानको धारा ३, ६, ७ (२) र ३२ (१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (फ) (१) अनुसार स्थानीय तहलाई प्राप्त अधिकार प्रयोग गर्दै यो कदम चालिएको अध्यक्ष राईले बताए ।

जनसंख्याको आधारमा माङसेबुङमा लिम्बू समुदाय करिब ४२.८३ प्रतिशत रहेको छ भने राई समुदाय ३३.६ प्रतिशत छ । भाषिक तथा जातीय बहुलतालाई आधार बनाएर यो निर्णय गरिएको हो । यसअघि नै वडा नं. ५ मा लिम्बू भाषा कामकाजका रूपमा प्रयोग हुँदै आएको थियो ।

भाषा कार्यान्वयनसँगै सहजीकरणका लागि गाउँपालिकाले भाषिक सहजकर्ता नियुक्त गरेको छ, जसले नेपाली र लिम्बू भाषामा अनुवादको काम गर्नेछ ।

यस निर्णयपछि स्थानीय बासिन्दा तथा भाषा अभियन्ताहरू उत्साहित भएका छन् । किरात याक्थुङ चुम्लुङका सल्लाहकार मोहनसिंह थेवेले यसलाई मातृभाषा संरक्षण र पुस्तान्तरणका लागि ऐतिहासिक कदम भनेका छन् । सोही कार्यक्रममा "माङसेबुङका जनप्रतिनिधिहरूको चिनारी" नामक पुस्तक र "वान्तवा भाषा पाठ्यक्रम" समेत विमोचन गरिएको छ, जसले स्थानीय भाषा र संस्कृति प्रवर्द्धनमा थप योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# कमल पूर्ण खोप सुनिश्चितता घोषणा

**कमल/** कमल गाउँपालिकालाई मंगलवार "पूर्ण खोप सुनिश्चितता तथा दिगोपना " घोषणा गरिएको छ । "स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्णखोप सुनिश्चितता हाम्रो प्रतिबद्धता" भन्ने मूल नारालाई आत्मसात गर्दै मंगलवार कमल गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको हो ।

गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख दीपक दाहालका अनुसार कमल गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिनुका साथैं कमल गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा अर्को ऐतिहासिक उपलब्धि हासिल गरेको छ ।

गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीको अध्यक्षतामा र जन स्वास्थ्य कार्यालय झापाका खोप अधिकृत राजकुमार पोखेल, कमल गाउँपालिका वडा नम्बर ६ का अध्यक्ष नरेन्द्र भट्टराई, कार्यापालिका सदस्य चन्द्रकला लिम्बूसहित जनप्रतिनिधिहरू, स्वास्थ्यकर्मीहरू र गाउँपालिकाभरका स्वयम् सेविकाहरूको उपस्थितिमा पूर्ण खोप सनिश्चिता तथा दिगोपना घोषणा गरिएको थियो । बालबालिकाको स्वास्थ्य सुरक्षा, रोग नियन्त्रण तथा स्वस्थ भविष्य निर्माण गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत कमल गाउँपालिकाका सातै वडामा सफलतापूर्वक पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा भइसकेकोले पनि गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्न सम्भव भएको उपाध्यक्ष तिवारीले बताईन् ।

# सुर्यदर्शन शाकोसको रक्तदान, १९४ पिन्ट रगत संकलन

**दमक/** दमकमा सञ्चालित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाले बुधबार दमकमा आयोजना गरेको रक्तदानमा १९४ पिन्ट रगत संकलन भएको छ ।

संस्थाको १७औँ स्थापना दिवसको अवसरमा भएको रक्तदानमा सहकारीका अध्यक्ष टिकाराज सापकोटासहितका सञ्चालक, शेयर सदस्य , कर्मचारी तथा शेयर सदस्यहरूले रगतदान गरेका थिए । नेपाल रेडक्रस सोसाईटी दमक उपशाखाको प्राविधिक सहयोगमा भएको रक्तदानमा सहभागिहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

सोहि अवसरमा नियमित रक्तदान गरेको भन्दै उषा राई र कुमार अधिकारीलाई पुरस्कृत गरिएको थियो । सहकारीले स्थापना दिवसमा बर्षेनी खुला रक्तदान गरिआएको छ ।

कार्यक्रमसँगै एसईईमा उत्कृष्ट जीपीए हासिल गर्ने विद्यार्थीहरूलाई नगदसहित सम्मान गरेको छ । एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरु प्रतीक अर्याल, समृद्धि सापकोटा, सन्देश भट्टराई र निमिसा निरौलालाई जनही नगद १० हजार रूपैयाँसहित सम्मान गरिएको संस्थाका लेखा प्रमुख होम श्रेष्ठले जानकारी दिए ।

जिल्ला सहकारी संघ झापाका अध्यक्ष प्रेम कोईरालाको प्रमुख आतिथ्यता तथा सहकारीका अध्यक्ष टिकाराज सापकोटाको अध्यक्षतामा सम्पन्न वार्षिकोत्सव उद्घाटन कार्यक्रममा संस्थाका सचिव कमल नेपालले स्वागत मन्तव्य राखेका थिए भने सञ्चालन निमित्त ब्यवस्थापक राजकुमार खड्काले गरेका थिए ।

## सरस्वती आवि अव मावि बन्यो

**दमक/** दमक २ स्थित सरस्वती आधारभूत विद्यालयलाई स्तरोन्नति गरिएको छ । दमक नगरपालिकाको गत जेठ ७ गते बसेको कार्यपालिका बैठकले सरस्वती आधारभूतलाई माध्यमिक विद्यालय तहमा स्तरोन्नति गर्ने निर्णय गरिएको हो । बैठकको यो निर्णयसँगै अब यस विद्यालयमा कक्षा १० सम्मको पठनपाठन हुने विद्यालयले जनाएको छ । माविमा स्तरोन्नति भएसँगै यस क्षेत्रका विद्यार्थीहरूलाई आफ्नै पायक पर्ने स्थानमा माध्यमिक तहको शिक्षा लिन थप सहज हुने विश्वास गरिएको वडाध्यक्ष प्रजापति सापकोटाले बताए ।

***ओलीसहित.....***प्रतिवेदनमा जेनजी आन्दोलनमा दुईवटा फरक समूह सक्रिय रहेको उल्लेख गरिएको छ। एउटा समूहले शान्तिपूर्ण प्रदर्शनको तयारी गरिरहेको भए पनि अर्को समूहले सामाजिक सञ्जालमार्फत आन्दोलनलाई हिंसात्मक र विध्वंसात्मक बनाउने योजना बनाएको आयोगले जनाएको छ। आन्दोलनअघि नै विभिन्न सामाजिक सञ्जाल र डिजिटल माध्यममार्फत सार्वजनिक संरचना जलाइएको वा तोडफोड गरिएको एआई-निर्मित तस्बिर तथा भिडियोहरु फैलाइएको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, 'वेक अप नेपाल' नामक टिकटक अकाउन्टमार्फत आन्दोलनअघि नै "मोलोटोभ ककटेल तयार गरेर आउन" आह्वान गरिएको तथ्य पनि आयोगले सार्वजनिक गरेको छ । आयोगका अनुसार केही व्यक्तिहरूले विद्यालयका डिजिटल बोर्ड र वेबसाइट ह्याक गरेर 'नो मो स्क्रिन्स' र 'वी वान्ट चेन्ज' जस्ता सन्देश प्रदर्शन गरी आन्दोलनलाई उग्र बनाउने प्रयास गरेका थिए। आयोगले आन्दोलनलाई योजनाबद्ध रूपमा हिंसात्मक बनाउने अर्को समूह सक्रिय रहेको निष्कर्ष निकालेको छ ।

***निजी....***उपचारका लागि 'सुविधा थैली' को दररेट परिवर्तन गरेको छ । स्वास्थ्य बीमा लागू भएपछि पहिलो पटक बोर्डले औषधि, औषधिजन्य सामग्री, स्वास्थ्य सेवा, शल्यक्रिया तथा प्रयोगशालको परीक्षणको सुविधा थैली दररेट परिवर्तन गरेको हो । बोर्डका कार्यकारी निर्देशक शकुन्तला प्रजापतिले सबै सेवा प्रदायक स्वास्थ्य संस्थालाई परिमार्जित नयाँ दरअनुसार औषधि, औषधिजन्य सामग्री, स्वास्थ्य सेवा, शल्यत्रिरया तथा प्रयोगशालको परीक्षण शुल्क लिन निर्देशन दिएको बताइन् । नयाँ सुविधा थैलीको दररेठ यही जेठ १६ गतेदेखि लागू हुनेछ ।

बोर्डले १० वर्षदेखिको दाबी, सेवा उपभोगसम्बन्धी तथ्यांक विभिन्न स्वास्थ्य संस्थाबाट प्राप्त दररेट, चिकित्सकीय सान्दर्भिकता, लागत प्रभावकारिता रोगभार तथा स्वास्थ्य प्रणालीको वित्तीय दिगोपनलाई आधार बनाएर सुविधा थैली परिवर्तन गरिएको बताइन् । सूचना अधिकारी विकेश मल्लले बोर्डमा पर्ने आर्थिक चाप घटाउनका लागि सुविधा थैलीको दररेट परिमार्जन गरको बताए ।

## वन्यजन्तु उद्धारमा प्राविधिकको अभाव

दमक/ झापामा वन्यजन्तुहरू मानवबस्ति तिर आउने क्रम बढि रहेको छ । तर आपत्तकालिन अवस्थामा त्यस्ता बन्यजन्तुको उद्धारमा कठिनाई हुने गरेको छ । जिल्लामा त्यस प्रकारका दक्ष जनशक्ति र प्रविधिको अभावमा कारण मानव-वन्यजन्तु द्वन्द्वमा मानिस र वन्यजन्तुको पनि मृत्यु हुने गरेको छ । जिल्लामा हात्ती, बँदेल, बाँदर र मृग लगायतका वन्यजन्तु र मानवबिचको द्वन्द्व दिनानुदिन चर्किएको छ । सीमावर्ती क्षेत्र भएकाले भारतबाट समेत गौरी गाई लगायतका दुर्लभ वन्यजन्तुहरु यदाकदा नेपाली वस्तीमा आइपुग्ने गरेका छन् । आहाराको खोजीमा बालीनाली नष्ट गर्न वा बाटो बिराएर वस्ती पस्ने वन्यजन्तुलाई स्थानीयले धपाउने क्रममा ती घाइते हुने गरेका छन् । तर, जिल्लाभित्रै त्यस्ता घाइते वन्यजन्तुको उद्धारका लागि भरपर्दो संयन्त्र छैन ।


डिभिजन वन कार्यालय झापाको वन्यजन्तु शाखाका डा. जितेन्द्र यादवका अनुसार ठूला र हिंस्रक वन्यजन्तुको उद्धारका लागि डार्ट (लठ्याउने विधि) प्रयोग गर्नुपर्ने हुन्छ, जसका लागि कोशी टप्पु वन्यजन्तु आरक्षबाट प्राविधिक टोली र उपकरण झिकाउनुपर्ने बाध्यता छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## दोस्रो पटक प्रकाशित सूचना

आम्दा नेपाल अन्तर्गत सञ्चालित आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठान, दमकलाई मेडिकल तथा अफिस उपकरण आवश्यक भएकोले खरिदका लागि सूचना नं. २४/AMDA/AIHS/2082-083 पुनः दोस्रो पटक प्रकाशित गरिएको छ । इच्छुक इजाजतप्राप्त आपूर्तिकर्ताहरूबाट शिलबन्दी दरभाउ प्रस्ताव २०८३/०२/२२ दिउँसो ४ बजेभित्रसम्ममा आह्वान गरिन्छ । खरिद प्रक्रिया आंशिक वा पूर्ण रूपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार **आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठान/आम्दा अस्पताल**मा सुरक्षित रहनेछ ।







प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल